**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ दिसम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदी र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुनेछ।

- केन्द्रीय गृहमन्त्री अमित शाह आजदेखि तीन दिने भ्रमणमा गुजरात जानु हुनेछ। भ्रमणको क्रममा श्री शाहले अहमदाबाद, गान्धीनगर, वाव थरड र बनासकांठामा धेरै कार्यक्रमहरूमा भाग लिनुहुनेछ।

- राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले संगठित अवैध हतियार र गोला बारुद तस्करीको मामिलामा चार जनालाई पक्राउ गरेको छ।

- रक्षा मन्त्रालयले भनेको छ,अपरेसन सागरबन्धु अन्तर्गत श्रीलंकामा चक्रवातबाट प्रभावित क्षेत्रहरूमा आवश्यक सम्पर्क पुनर्स्थापना गर्न ६५ टन लामो बेली ब्रिज कोलम्बो पठाइएको छ।

- एआइएफएफ सुपर कपको पहिलो सेमिफाइनलमा इस्ट बङ्गालले पञ्जाब एफसीलाई 3-1 गोलको अन्तरले पराजित गरेको छ।

**रूस-राष्ट्रपति यात्रा**

प्रधान मन्त्री नरेन्द्र मोदी र रूसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच आज नयाँ दिल्लीमा द्विपक्षीय वार्ता हुनेछ।भ्रमणका क्रममा दुवै देशका प्रधानमन्त्रीले द्विपक्षीय सम्बन्धमा भएका प्रगतिको पुनरावलोकन गर्नुका साथै आपसी हितका क्षेत्रीय र अन्तर्राष्ट्रिय मुद्दाहरूमा विचार आदानप्रदान गर्नुहुनेछ । वार्ताका क्रममा व्यापार, अर्थतन्त्र, स्वास्थ्य सेवा, शिक्षा, संस्कृति र सञ्चार माध्यमसँग सम्बन्धित विभिन्न सम्झौताहरूमा हस्ताक्षर हुने सम्भावना छ। राष्ट्रपति पुटिन २३औँ भारत-रुस वार्षिक शिखर सम्मेलनमा भाग लिन भारतको औपचारिक भ्रमणका लागि हिजो साँझ नयाँ दिल्ली आइपुग्नुभएको छ। उनलाई विमानस्थलमा भारतीय प्रधानमन्त्री मोदीले न्यानो स्वागत गर्नु भएको थियो । श्री पुटिनलाई आज बिहान राष्ट्रपति भवनमा औपचारिक स्वागत गरिनेछ। उहाँले राजघाटस्थित महात्मा गान्धीको समाधिमा पुष्पांजलि अर्पण गर्नुहुनेछ । राष्ट्रपति द्रौपदी मुर्मुले आज साँझ श्री पुटिनको सम्मानमा भोजको आयोजना गर्नु हुनेछ। हाम्रा संवाददाताहरूले बताए अनुसार भारत र रूसले आफ्नो सामरिक साझेदारीको घोषणाको २५ औँ वार्षिकोत्सव मनाइरहेको छ।

**मत्स्य पालन - भारत-रूस**

23 औं भारत-रूस वार्षिक शिखर सम्मेलनको अवसरमा, मत्स्य पालन, पशुपालन र दुग्ध मन्त्री राजीव रञ्जन सिंहले हिजो नयाँ दिल्लीमा आफ्ना रूसी समकक्षी ओक्साना लुटसँग द्विपक्षीय बैठक गर्नुभयो। उनीहरुबीच मत्स्यपालन, पशु तथा दुग्धजन्य पदार्थको आपसी व्यापार, बजारका समस्या समाधान र निर्यातलाई गति दिने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ । अनुसन्धान, शिक्षा र उदीयमान जलीय कृषि प्रविधिहरू, समुद्री माछा मार्ने जहाजहरू, जलीय कृषिको उदीयमान प्रशोधनको बारेमा छलफल गरिएको मन्त्रालयले जनाएको छ। श्री सिंहले भन्नु भयो कि भारतले 2024-25 मा लगभग 700 मिलियन अमेरिकी डलर बराबरको माछा र मत्स्य उत्पादनहरू निर्यात गर्यो, जसमा रूसलाई 120.7 मिलियन अमेरिकी डलर पनि समावेश छ। उहाले झिंगे माछा, म्याकेरल, सार्डिन, टुना, गङ्गटा, स्क्विड र कटलफिस जस्ता उत्पादनहरूको निर्यातमा जोड

दिनु भयो। यसैबीच रुसका कृषिमन्त्री ओक्साना लुटले मत्स्यपालन, पशुपालन र दुग्ध क्षेत्रमा सहकार्यका साथै कृषि सहकार्यलाई अगाडि बढाउने जानकारी दिनु भयो।

**गुजरात - अमित शाह**

केन्द्रीय गृहमन्त्री अमित शाह आजदेखि तीन दिने भ्रमणमा गुजरात जानु हुनेछ। भ्रमणको क्रममा श्री शाहले अहमदाबाद, गान्धीनगर, वाव थरड र बनासकांठामा धेरै कार्यक्रमहरूमा भाग लिनुहुनेछ।उहाले अहमदाबाद नगर निगमको धेरै महत्त्वपूर्ण पूर्वाधार र सार्वजनिक सुविधा परियोजनाहरूको उद्घाटन गर्ने अपेक्षा गरिएको छ।

**पश्चिम बङ्गाल-SIR**

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एस.आई.आर.) भइरहेको छ। यस सम्बन्धमा विशेष मतदाता नामावली पर्यवेक्षक सुब्रत गुप्ता र अन्य अधिकारीहरूले राजनीतिक दलका प्रतिनिधिहरू बाहेक जिल्ला निर्वाचन अधिकारी र अन्य अधिकारीहरूसँग भेटघाट गरिरहेका छन्।

**एन.आई.ए.-पक्राउ**

राष्ट्रिय अनुसन्धान एजेन्सी (एनआईए) ले संगठित अवैध हतियार र गोला बारुद तस्करीको मामिलामा चार जनालाई पक्राउ गरेको छ। एनआईएको २२ टोलीले बिहारको नालन्दा, शेखपुरा र पटना जिल्लामा सात, उत्तर प्रदेशको औरैया जिल्लामा १३ र हरियाणाको कुरुक्षेत्र जिल्लामा दुई स्थानहरूमा खोजी गरेको थियो। खानतलासीका क्रममा टोलीले ठूलो परिमाणमा विभिन्न बोरका हतियार र गोलाबारुद, एक करोड रुपैयाँभन्दा बढीको नगद, धेरै डिजिटल र आपत्तिजनक डाटा भएका इलेक्ट्रोनिक उपकरणहरू र नक्कली र शंकास्पद परिचयपत्र सहित आपत्तिजनक कागजातहरू बरामद गरेका थिए। अनुसन्धानपछि शशि प्रकाश, शेखपुराबाट रविरञ्जन सिंह, कुरुक्षेत्रबाट विजय कालरा र कुश कालरालाई अवैध गोलीगठ्ठालगायत बेचबिखन गर्ने ठूलो सिन्डिकेटमा संलग्न रहेको आरोपमा पक्राउ गरिएको थियो। भारतको हरियाणा राज्यबाट उत्तर प्रदेशमा तस्करी हुने उक्त गोली बिहार र देशका अन्य भागमा पठाइएको एनआईएले जनाएको छ।

**लंका-सागर ब्रदर्स**

रक्षा मन्त्रालयले भनेको छ,अपरेसन सागरबन्धु अन्तर्गत श्रीलंकामा चक्रवातबाट प्रभावित क्षेत्रहरूमा आवश्यक सम्पर्क पुनर्स्थापना गर्न ६५ टन लामो बेली ब्रिज कोलम्बोमा पठाइएको छ।मन्त्रालयले सामाजिक सञ्जालमा पोस्ट गर्दै एमआई–१७ भी–५ हेलिकप्टरले ६ टन राहत सामग्री र २४ जनालाई उद्धार गरेको जनाएको छ। भारतीय सेना श्रीलंकामा जारी मानवीय सहायता र विपद् राहतको माध्यमबाट स्थानीय अधिकारीहरूलाई सहयोग गर्न प्रतिबद्ध रहेको मन्त्रालयले जनाएको छ।

**डीजीसीए - इन्डिगो अवरोध**

नागरिक उड्डयन महानिदेशालय को समीक्षा बैठक आयोजित गरिएको छ जसमा नागरिक उड्डयन मन्त्री श्री राममोहन नायडू, वरिष्ठ अधिकारीहरू र उड्डयन कम्पनी इन्डिगोका शीर्ष अधिकारीहरू सहभागी थिए।गत महिनाको अन्त्यदेखि कम्पनीको सेवामा धेरै त्रुटिहरू रिपोर्ट भएपछि बैठक आयोजित गरिएको थियो। इन्डिगोले दैनिक १७० देखि २००उडानहरू रद्द गरिरहेको छ, जुन सामान्य प्रक्रियाभन्दा धेरै बढी हो। बैठकमा श्री नायडूले एयरलाइन्सलाई तुरुन्त उडान सुरु गर्न र हवाई भाडा नबढाउन निर्देशन दिनु भयो। उहाले इन्डिगोले यात्रुहरुलाई उडान सेवा रद्द भएको बारेमा अग्रिम जानकारी गराई आवश्यक सबै सुविधा उपलब्ध गराउनुपर्ने बताउनु भयो।डीजीसीएले एक विज्ञप्तिमा भनेको छ कि यी अवरोधहरू मुख्य रूपमा संशोधित उडानहरूको निर्धारित मितिहरू,चालक दलको योजना समस्याहरू र जाडो मौसममा परिचालन चुनौतीहरूको कारण थिए।एयरलाइन्सले आगामी केही दिन उडान सञ्चालन स्थगित रहने बताएको छ। डीजीसीएले इन्डिगोको चालक दलको समीक्षा पछि चालक दल भर्ती,प्रशिक्षण र सुरक्षा योजनाको विस्तृत कार्य योजनाको बारेमा निर्देशनहरू जारी गरेको छ।

## साइबर अपराध

भारतमा मोबाइल फोन र कम्प्युटर जस्ता सञ्चार उपकरणहरूसँग सम्बन्धित साइबर अपराधका घटनाहरू बढ्दै गइरहेका छन्। राष्ट्रिय अपराध रेकर्ड ब्यूरो (एन सी आर बी) ले २०२३ को लागि प्रकाशित गरेको प्रतिवेदन अनुसार, भारतमा अपराध आकडाले २०२१ को तुलनामा २०२३ मा ३३ हजार भन्दा बढी मुद्दा दर्ता भएको देखाउँछ। आकडा अनुसार, २०२१ मा भारतमा दर्ता भएका साइबर अपराधका घटनाहरूको कुल संख्या ५२हजार भन्दा बढी थियो, जुन २०२३ मा बढेर ८६ हजार भन्दा बढी पुगेको छ। यो जानकारी गृह राज्यमन्त्री बन्दी संजय कुमारले हिजो राज्यसभामा एक लिखित जवाफमा दिनुभएको हो।

## गोवा नौसेना दिवस

गोवाको वास्को स्तिथ आईएनएस गोमान्तकमा हिज साँझ नौसेना दिवस धूमधाम संग मनाइयो। रियर एडमिरल अजय डी, फ्ल्याग अफिसर कमान्डिङ गोवा नेवल एभिएसन र फ्ल्याग अफिसर नेवल एभिएसन थियोफिलसले आयोजना गरेको कार्यक्रममा गोवाका राज्यपाल पुसापति अशोक गजपति राजुको प्रमुख उपस्तिथी रहेको थियो । यस कार्यक्रमले भारतीय नौसेनाको समृद्ध समुद्री परम्परा र परिचालन क्षमतालाई प्रदर्शन गर् यो।कार्यक्रममा प्रदर्शन, नेभल चिल्ड्रेन स्कुलका विद्यार्थीहरुको सांस्कृतिक प्रस्तुती, बिटिङ रिट्रिट र सूर्यास्त समारोह समावेश थियो । कार्यक्रममा भारतीय नौसेनामा आधारित एक विशेष फिल्म पनि देखाइएको थियो। रियर एडमिरल थियोफिलसले अघिल्लो वर्षमा नौसेनाको उपलब्धिहरू प्रकाश पार्नु भयो, जसमा आईएनएस  हंसमा ११,००० घण्टा भन्दा बढी सैन्य उडान, प्रमुख अभ्यासहरू द्वारा तटीय सुरक्षा र गोवा तटमा सफल उद्धार अभियानहरू समावेश छन्।

## फुटबल . एआईएफएफ सुपर कप

हिज गोवाको जवाहरलाल नेहरू स्टेडियम भएको एआइएफएफ सुपर कपको पहिलो सेमिफाइनलमा इस्ट बङ्गालले पञ्जाब एफसीलाई ३-१ गोलको अन्तरले पराजित गरेको छ। इस्ट बेंगलका लागि मोहम्मद बासिम राशिद, केभिन सिबिल र साउल क्रेस्पोले एक-एक गोल गरे भने पञ्जाबका लागि ड्यानियल रामिरेजले पेनाल्टीमा गोल गरे । मोहन बागान सुपर जायन्टसँग आइ एफ ए शिल्डमा पराजित भएपछि इस्ट बङ्गाल सिजनको दोस्रो फाइनलमा पुगेको थियो। इस्ट बंगालले उपाधिका लागि एफसी गोवाको सामना गर्नेछ । दोस्रो सेमिफाइनलमा मुम्बई सिटीलाई २-१ गोलको अन्तरले पराजित गर्दै एफसी गोवाले फाइनलमा स्थान पक्का गरेको हो ।

****** ० ******